# गोरखा नगरपालिका

## स्थानीय राजपत्र

खण्डः ७ संख्याः ३ मितिः २०८०/११/२५


भाग–२

गोरखा नगरपालिका

गोरखा नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# शव अन्त्येष्टि सामाग्री व्यवस्थापन कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।११।२०

**प्रस्तावनाः**

गोरखा नगरबासी र वेवारिसे व्यक्तिहरुको विभिन्न कारणले मृत्यु हुँदा शोकाकुल परिवारलाई समर्थन सहानुभूति र सहयोग तथा शवको नगरपालिका क्षेत्र भित्र अन्त्येष्टिका लागि तत्काल आवश्यक सामाग्री र चर्को मूल्यको भारलाई हटाई नागरिकलाई स्थानीय सरकार जीवन मरणमा संगसंगै छ भन्ने अनुभूति गराउन स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२(२) बमोजिम यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (क) यस कार्यविधिको नाम "शव अन्त्येष्टि सामाग्री व्यवस्थापन कार्यविधि, २०८०" रहेको छ ।

(ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भए पछि लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ सम्झनु पर्दछ।

ख) "कार्यविधि" भन्नाले शव अन्त्येष्टि सामाग्री व्यवस्थापन कार्यविधि, २०८० सम्झनु पर्दछ ।

ग) "स्थानीय तह" भन्नाले गोरखा नगरपालिका सम्झनु पर्दछ ।

घ) “कार्यपालिका” भन्नाले गोरखा नगरपालिकाको कार्यपालिकालाई जनाउँदछ ।

ङ) “सामाग्री व्यवस्थापन तथा अनुगमन समिति” भन्नाले दफा ६ वमोजिमको समितिलाई जनाउदछ ।

च) “समन्वय समिति” भन्नाले दफा ४ वमोजिम गठित समितिलाई जनाउदछ ।

छ)“वडा समिति” भन्नाले गोरखा नगरपालिकाको वडा समितिहरुलाई जनाउँदछ ।

ज) “सेवा प्रदायक संस्था” भन्नाले गोरखा नगरपालिका भित्रका सामुदायिक वन उपभोक्ता समूह, दर्तावाला संघ/संस्था, आमा समूह युवा समूह, समाधिस्थल संरक्षण समिति आदिलाई जनाउछ ।

झ) “समाधिस्थल” भन्नाले जातिय/ धार्मिक परम्परा अनुसार शव अन्त्येष्टि गर्ने स्थानहरु घाट, कव्रीस्थान, चिहान आदिलाई जनाउछ ।

ञ) “अन्त्येष्टि सामाग्री” भन्नाले शववहान, ताबुज, दाउरा, वाकस, फलेक, अर्थि, खाडल खन्ने औजार आदिलाई जनाउँछ ।

ट) “वेवारीसे शव” भन्नाले मृतकको आफन्त वा हकवाला पत्ता नलागेको वा कसैले दावी नगरेको शवलाई जनाउछ ।

## परिच्छेद—२

३. सहयोग सामाग्री उपलव्धता सम्बन्धी व्यवस्थाः (१) सामाग्रीमा सहयोग लिन इच्छुक नगरबासी मृतकका आफन्त/हकदारले

नागरिकता प्रमाण पत्रको प्रतिलिपी, मृत्यु दर्ता प्रमाण पत्रको प्रतिलिपी र अन्त्येष्टि सामाग्रीको वढीमा रु.५००० । (पाँच हजार रुपैया मात्र) सम्मको विल सहित सम्बन्धित समन्वय समितिसंग सम्झौता भएको सेवा प्रदायक संस्थामा अनुसूचि (१) वमोजिम निवेदन पेश गर्नु पर्नेछ ।

२) उपदफा (१) वमोजिम सहयोग लिन अनिच्छुकले सो सामाग्रीको सवै रकम वा विलको रु.५०००। (पाच हजार रुपैया मात्र) भन्दा वढी रकम सेवा प्रदायक संस्थालाई मृतकका आफन्त/हकदारले भुक्तानी गर्नु पर्नेछ ।

३) वेवारिसे शवमा खर्च भएको कुल रकम नगरपालिकाले भूक्तानी गर्नेछ ।

४) सेवा प्रदायक संस्थाले रकम भुक्तानी माग गर्दा अनुसूची २ वमोजिम सेवाग्राहीले दिएको विल र आवश्यक कागजात सहित गोरखा नगरपालिकामा पेश गर्नु पर्नेछ ।

## परिच्छेद ३

४. वडा स्तरीय समन्वय समितिको गठनः

१, वडाअध्यक्षः- संयोजक

२, वडा सदस्यहरुः- सदस्य

३, वडाभित्रका सामुदायिक वन समूहका अध्यक्ष/प्रतिनिधीः- सदस्य

४, वडा भित्रका संघ/संस्था, समूहका अध्यक्षहरु मध्येवाट वडा समितिवाट मनोनित १ जनाः- सदस्य

५, वडा भित्रका समाधि स्थल संरक्षण/व्यवस्थापन समितिका अध्यक्ष/प्रतिनिधीः- सदस्य

६, वडा सचिवः- सदस्य-सचिव

५. वडा स्तरीय समन्वय समितिको काम कर्तव्य र अधिकारः(१) वडा भित्रका जातिय/धार्मिक अन्त्येष्टि सामाग्री समाधि स्थल तथा सेव प्रदायक संस्थाहरुको सूचिकरण गरी अन्त्येष्टि सामाग्री व्यवस्थापन तथा अनुगमन समितिमा जानकारी गराउने ।

(२) सेवा प्रदायक संस्थाको छनौट र सम्झौताको लागि अन्त्येष्टि सामाग्री व्यवसथापन तथा अनुगमन समितिले प्रकाशन गरेको सूचना अनुसार मापदण्ड पुरा गरेका सेवा प्रदायक संस्थाको प्राथमिकिकरण गरी सिफारिस गर्ने ।

(३) सम्झौता भंग गर्ने वा सम्झौता वमोजिम सामाग्री उपलव्ध नगराइएको वखतमा विचको अवधीको लागि सेवा प्रदायक संस्था छनौट गरी अन्त्येष्टि सामाग्री व्यवस्थापन तथा अनुगमन समितिमा सिफारिस गर्ने ।

(४) वडाभित्रका समाधिस्थल र सम्झौता भएका सेवाप्रदायक संस्थाहरुको अनुगमन गर्ने ।

(५) सेवा प्रदायक संस्थालाई सामाग्री प्रयोग भएको मृतकको मृत्यु दर्ता र सिफारिस उपलव्ध गराउने ।

(६) नगर स्तरीय सामाग्री व्यवस्थापन तथा अनुगमन समितिको गठनः

(१) नगर प्रमुख - संयोजक

(२) नगर उप प्रमुख - सदस्य

(३) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(४) सामाजिक विकास समितिका संयोजक - सदस्य

(५) लेखा अधिकृत - सदस्य

(६) वातावरण शाखा प्रमुख - सदस्य

(७) सामाजिक विकास शाखा प्रमुख - सदस्य सचिव

७. नगर स्तरीय सामाग्री व्यवस्थापन तथा अनुगमन समितिको काम कर्तव्य र अधिकारः१) सेवा प्रदायक संस्था छनौटको लागि मापदण्ड तयार गरी १५ दिने सूचना प्रकाशन गर्ने ।

२) समन्वय समितिहरुवाट सिफारिस भई आएका सेवा प्रदायक संस्थाहरु मध्ये सेवा पुऱ्याउने प्रत्येक समाधिस्थलको लागि १/१ सेवा प्रदायक संस्थाको छनौट गरी १ वर्षको लागि नगरपालिका मार्फत सम्झौता गराउने ।

३) शव अन्त्येष्टिका क्रममा आवश्यक वनजन्य सामाग्रीको लागि जिल्ला वन कार्यालय, सामुदायिक वन र निजि वन उपभोक्ता समूहसंग सहजीकरण र समन्वय गर्ने गराउने

४) सेवा प्रदायक संस्थाले दफा ३(१,३) वमोजिम उपलव्ध गराएको निवेदन र विलको रकम सम्झौता वमोजिम सम्वन्धित सेवा प्रदायक संस्थालाई एकमुष्ट भुक्तानी दिने ।

५) नगरसभावाट स्वीकृत रकमको परिधि भित्र रही समाधिस्थल/सामाग्री सेवा विस्तार गर्ने ।

६) शव अन्त्येष्टिको लागि प्रयोग हुने शववाहन/विद्युतिय शवदहन केन्द्र/तावुज/अर्थि आदिको क्रमिक रुपमा व्यवस्थापन गर्ने।

७) छनौट भई सम्झौता नगर्ने वा वीचैमा सम्झौता भंग गर्ने वा सम्झौता बमोजिम सामाग्री उपलव्ध नगराउने सेवा प्रदायक संस्थालाई आवश्यक कारवाही गरी वाँकी अवधिको लागि सम्वन्धित वडाको सिफारिसमा अन्य सेवा प्रदायक संस्थासंग सम्झौता गर्ने ।

८) शव अन्त्येष्टिको लागि थप योजना, कार्यक्रम तथा वार्षिक प्रगति विवरण तयार गरी नगर सभामा पेश गर्ने ।

९) सेवा प्रदायक संस्थाहरुको सम्झौता वमोजिमका सेवाहरुको अनुगमन गर्ने ।

८. माथी जुन सुकै कुरा उल्लेख भएता पनि यो कार्यबिधि अनुसार हाललाई रामशाह घाटमा मात्र दाउरा उपलव्ध गराइनेछ ।

९. नगपालिकाको आर्थिक क्षमता र नगरसभावाट स्वीकृत कार्यक्रम र रकमको परिधि भित्र रहेर यस कार्यीबिधि बमोजिम नगरपालिका क्षेत्र भित्रका अन्य समाधिस्थल/जातिय परम्परा अनुसारका शव अन्त्येष्टिको सामाग्री/सेवा विस्तार गर्न र सहयोग रकम वृद्धि गर्न दफा (८) ले वाधा पुऱ्याउने छैन ।

## परिच्छेद—४

१०. सेवा प्रदायक संस्थाको मापदण्ड र अन्य व्यवस्थाः (१) समाधिस्थल रहेको वडामा क्रियाशिल रहेको ।

२) समाधिस्थलवाट भौगोलिक निकटतामा रहेको ।

३) सम्बन्धित वडाको समन्वय समितिमा सूचिकृत भएको ।

४) सम्बन्धित निकायमा दर्ता भई नियमानुसार नविकरण भएको।

५) सम्बन्धित समाधिस्थल नजिक अन्त्येष्टि सामाग्री भण्डारण र उपलव्ध गराउन सक्ने व्यवस्था भएको ।

११. समाधिस्थलको प्रयोगः परम्परा देखि प्रयोग गर्दै आएकाको समाधिस्थलमा सम्बन्धित समुदायको अधिकार कायम रहनेछ । साथै समाधिस्थल/घाट नभएको वडाले प्रयोग गर्दै आएको सम्बन्धित घाट वा समाधिस्थलमा शव व्यवस्थापन गर्नको लागि सम्बन्धित वडामा नै वडा स्तरीय समन्वय समितिको गठन हुनेछ र सोही समितिले सिफारिस गर्नेछ ।

१२. वाधा अड्काउः यस कार्यविधिलाई कार्यान्वयन गर्ने क्रममा केही वाधा अड्काउ पर्न आएमा वाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकाको हुनेछ ।

१३. संशोधन वा थपघटः यस कार्यविधिलाई व्यवस्थित बनाउन आवश्यकता अनुसार कार्यपालिकावाट संशोधन वा थपघट गर्न सकिनेछ ।

१४. खारेजी र व्याख्याः क) यस कार्यविधि बमोजिम यस भन्दा अगाडि भए गरेका कार्यहरु यसै कार्यविधि अनुसार भएको मानिनेछ ।

१५. यस कार्यविधिमा उल्लेख नभएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ । प्रचलित कानूनसँग बाझिएका कुराहरु बाझिएको हदसम्म अमान्य हुनेछ ।

# अनुसूची १

## नियम ३(१) संग सम्बन्धित

श्रीमान् नगर प्रमुख ज्यू,

गोरखा नगरपालिका, गोरखा मार्फत

श्रीमान् अध्यक्ष ज्यू

......... नं. वडा

विषयः सहयोग रकम उपलव्ध गराई दिनु हुन ।

उपर्युक्त विषयमा मेरो ........................... नाता पर्ने गोरखा नगरपालिका वडा नं. .... वस्ने ................... को मिति .................... मा मृत्यु भएकोले निजको गोरखा नगरपालिका वडा नं. ..... को समाधस्थिलमा शव अन्त्येष्टिको लागि .................................. आवश्यक भएकोले मिति ................. मा ............................ (सेवा प्रदायक संस्था) संग रु. .................... को ............................. लिएको विल यसै साथ संलग्न राखी भुक्तानीको लागि यो निवेदन पेश गरेको छु ।

संलग्न कागजात

१, खर्च भएको विल

२, नागरिकता प्रमाण पत्र

३, मृत्यु दर्ताको प्रमाण पत्र

निवेदक,

नाम थरः

ठेगानाः

मृतकसंगको नाताः

दस्तखतः

मितिः

# अनुसूची २

## नियम ३(४) संग सम्बन्धित

श्रीमान् नगर प्रमुख ज्यू,

गोरखा नगरपालिका, गोरखा

बिषयः ..........................................

उपर्युक्त विषयमा गोरखा नगरपालिका गोरखा र यस ....................................... (सेवा प्रदायक संस्था) बीच मिति ................ मा भएको सम्झौता बमोजिम संलग्न सेवाग्राहीहरुलाई शव अन्त्येष्टिको क्रममा यस संस्थामा माग गरेको ............................. का सामाग्रीहरु ........ जनालाई उपलव्ध गराई सो सम्बन्धमा भएको खर्चको जम्मा रकम रु. .......... (अक्षरुपी ...........................) पेश गरेको छु, । नियमानुसार रकम भुक्तानीको लागि अनुरोध छ । साथै आवश्यक कागजातहरु यसै निवेदन साथ संलग्न राखिएको छ ।

संलग्न कागजात

१, खर्च भएको विल

२, वुझिलिएको भरपाई

३, नागरिकता प्रमाण-पत्र

४, मृत्यु दर्ताको प्रमाण-पत्र

सेवाप्रदायक संस्थाको

दस्तखतः

नामः

ठेगानाः

संस्थाको छापः

मितिः

आज्ञाले,

प्रमुख प्रशासकीय अधिकृत

गोरखा नगरपालिका गोरखा